# स्थानीय राजपत्र

**तिनाउ गाउँपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड २) तिनाउ गाउँपालिका, मिति: २०७७/०७/२७**

**भाग–२**

**तिनाउ गाउँपालिका, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्व सधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको कार्यविधि**

**कार्यविधिको नाम : तिनाउ गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७७**

गाउँ कार्यपालिकाबाट पारित मिति: २०७७/०७/१९

**प्रस्तावना** :

तिनाउ गाँउपालिका दोभान, पाल्पा भित्र पशु सेवा शाखा मार्फत संचालन हुने पशु विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न तिनाउ गाँउपालिका पशु सेवा शाखाले **"पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७७"** तयार गरि लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"पशु विकास कार्यक्रम संचालन कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि तिनाउ गाँउपालिका दोभान,पाल्पा भर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"अनुदान"** भन्नले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागी कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) **"कम्पनी"**भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

(घ) **"कार्यक्रम"** भन्नले यस कार्यविधिको दफा ५मा उल्लेखित भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) **"कार्यालय"** भन्नले तिनाउ गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय दोभान,पाल्पा  लाई सम्झनु पर्छ ।

(च) **"कृषक समुह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(छ) **"पशुपन्छी"** भन्नाले गाई/गोरु, भैसी/राँगा भेडा/बाखा, बंगुर/सुङ्गुर, हास/कुखुरा, घोडा, माछा र जङ्गली जनावरलाई सम्झनुपर्छ ।

(ज) **"प्राविधिक"** भन्नाले पशु विज्ञान विषयमा कम्तिमा SEE वा सो सरह उतिर्ण गरेको व्यत्तिलाई सम्झनु पर्छ ।

(झ) **"फर्म"** भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्था लाई सम्झनु पर्छ ।

(ञ) **"बीमा कोष"** भन्नाले पशुपन्छी तथा मत्स्य सुरक्षणको लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ ।

(ट) **"विशेषज्ञ"** भन्नाले कम्तिमा पशु चिकित्सक, पशु विज्ञान र मत्स्या विज्ञान बिषयमा स्नातक उतिर्ण गरेको व्यत्ति सम्झनु पर्छ ।

(ठ) **"सहकारी"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ड) **"समिति"** भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई  सम्झनु पर्छ ।

(ढ) **"स्थानिय तह"** भन्नाले तिनाउ गाउँपालिका दोभान, पाल्पालाई सम्झनु पर्छ ।

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) पशु विकाश कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।

(ख) जनचेतना अभिवृद्धिबाट स्वस्थय, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धिगरी उपभोक्ता समक्ष पुऱ्याउन असल व्यवस्थापन अभ्यासलाई प्रात्साहन गर्ने ।

(ग) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षमा टेवा पुऱ्याउने ।

(घ) प्रविधि हस्तान्तरण मार्फत पशु व्यवसायलाई व्यवसायीकरण गरि आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने ।

(ङ) पशुपन्छीजन्य उत्पादनको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकको आयस्तरमा सुधार गर्ने,

(च) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने,

**४. सरोकारवाला निकायहरु** : यस कार्यक्रमलाई संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिम भूमिका हुनेछः

(क) कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्था अर्न्तगत एकल वा संयुक्त रुपमा कार्यालयबाट पशु विकास कार्यक्रम संचालन हुनेछ ।

(ख) कार्यालयले प्रविधि, प्रविधि विस्तार तथा सेवा टेवा र कार्यकाम संचालन गर्नेछ ।

## परिच्छेद–२
## संचालित कार्यक्रमहरु

(क) **पशु बिकास कार्यक्रम** : कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि देहायबमोजिमका कार्यक्रमहरु हुनेछन् ।

(१) **१००० दिनका आमालाई चल्ला वितरण कायक्रम**

**कार्य क्षेत्र:** तिनाउ गाउँपालिकाको ६ वटै वडामा सञ्चालन हुने छ साथै झिगामारम, झ्याङला, मरामकोट, लगाड, सुकेताल र जन्तीलुङ क्षेत्रलाई विशेष प्राथमिक्ता दिनुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु साथै स्वास्थ चेकजाजको प्रतिवेदन आ-आफ्नो वडा कार्यलयमा तोकिएको म्यादभित्र अनुसूची-२ बमोजिमका निबेदनसाथ पेश गर्नुपर्ने छ ।
- वडा कार्यलयले प्राप्त निबेदनहरु मध्ये बिपन्न, दुखि, एकल महिलाहरु प्राथमिक्ता दिई अनुसूची-५ बमोजिम मुल्याङ्कन गरी नाम छनोट गरी सिफारीस दिनुपर्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार संचालन गर्नुपर्ने छ ।
- ७ दिनको लोक्कल कुखुराको चल्लालाई १८०। प्रति पिस त्यसरीनै १४ दिनको चल्लालाई २५०। प्रति पिस भन्दा माथि खरीद गर्न नपाउने ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- चल्ला खरिद, ढुवानी तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु सतप्रतिशत अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

**(२) ५०% अनुदानमा माछा पकेट कार्यक्रम (झ्याङला)**

**कार्य क्षेत्रः** तिनाउ गाँउपालिका अन्तरगत २ नं. वडामा पर्ने झ्याङला क्षेत्रलाई प्राथमिक्ता दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ वा उपभक्ता समितिको जिम्मा लगाउनु पर्ने छ ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्रअनुसूची-२ बमोजिमका निबेदन साथ पेश गर्नुपर्ने छ ।
- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ ।
- बाझो रहेको तथा पानिको स्रोत भएको जग्गालाई प्राथमिकता दिइने छ ।
- ३३८.६३ बर्ग मि. स्कोयर (१ कठ्ठा), २ मिटर गहिराई बराबरको पोखरी निरमाणमा दस हजार अनुदान दिन मिल्ने ।

- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-५ बमोजिमको मुल्याङ्कन गरि छनोट गर्ने छ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ। सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- नयाँ पोखरी निर्माण/पुरानो पोखरी मर्मत/प्यालेट दाना/ भुरा माछा/ डिजेल पम्प/ईलेक्ट्रिक मोटर/ एरीयटर/जाल/ अटो फिडर/ ढुवानी
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ।

**(३) ५०% अनुदानमा बाख्रा पकेट कार्यक्रम :**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका अन्तरगतको ६ वटै वडामा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ।

- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्र निबेदन साथ पेश गर्नुपर्ने छ ।
- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ ।
- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-५ बमोजिमकामुल्याङ्कन गरि छनोट गर्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।
- सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ ।
- यस कायक्रममा १५ जना बाख्रा पालककृषक घरधुरी आवध हुनुपर्ने वा १५ बटा बाख्रा पालनगर्ने फर्म वा सहकारीमा कार्यक्रम सञ्चालन गरिने छ ।
- कुनैपनि उन्नत जातको बोका तथा माउँलाई १००००० भन्दा बडी मुल्यमा खरीद गर्न नपाउने ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- उन्नत जातको बोका खरीद , ढुवानि तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

## (४) ५०% अनुदानमा वंगुर पकेट कार्यक्रम( विस्कुनडाँडा, घुँघराछाप) :

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका अन्तरगतमा पर्ने विस्कुन डाँडा, घुँघराछाप क्षेत्रलाई प्राथमिक्ता दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्र अनुसूची-२बमोजिमको ढाँचामा निबेदन साथ पेश गर्नुपर्ने छ ।
- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ ।
- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-३ बमोजिमका मुल्याङ्कन गरि छनोट गर्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

- सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ ।
- प्रति पाठा/पाठी रकम रु.७०००। भन्दा बढीमा खरीद गर्न नपाउने र प्रति माउँ रकम रु.३००००। भन्दा बढीमा खरीद गर्न नपाउने।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- उन्न्त जातको बंगुरको पाठा/पाठी खरीद , ढुवानि तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

**(ख) पशु व्यवसायलाई बैज्ञानिकिकरण**

**(१) ट्राउट माछापालन व्यवसाय परीक्षण (स्सनेखोला)**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका अन्तरगत ६ नं. वडामा पर्ने स्सनेखोला क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- पशु सेवा शाखाको प्राबिधिक/बिज्ञ अथवा कुनै पनि माछाबिज्ञ द्वारा स्सनेखोला क्षेत्रमा ट्राउट माछापालनको संभाव्यता अध्यायन गर्ने ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- मिनी किट, वैज्ञानिक उपकरण तथा परिक्षणको निम्ति अन्य सामाग्रि सरिद ।
- पशु सेवा शाखाको प्राबिधिक/बिज्ञको अबलोकन भ्रमण खर्च ।

**अनुदान रकम/प्रतिशत :**

शतप्रतिशत रकम गा.पा. ले ब्यर्होने छ ।

**(२) ५०% अनुदानमा दाना बनाउने मसिन**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका अन्तरगतको ६ वटै वडामा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्र अनुसूची-२ बमोजिमको निबेदन साथ पेश गर्नुपर्ने छ ।
- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ ।
- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-५ बमोजिमका मुल्याङ्कन गरि छनोट गर्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

- सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- दाना बनाउने मसिन, ढुवानि तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ।

**(३) ५०% अनुदानमा मिल्कीङ मसिन**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका भित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्रअनुसूची-२ बमोजिमका निबेदन साथ पेश गर्नुपर्ने छ।
- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ।
- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-५ बमोजिमका मुल्याङ्कन गरि छनोट गर्ने छ।

- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।
- सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- मिल्कीङ मसिन, ढुवानि तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

**(४) ५०% अनुदानमा ह्याचिङ मसिन**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका भित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- शाखाले अनुसूची-१ बमोजिम कम्तिमा १५ दिने सुचना प्रकाशन गर्नुपर्ने छ ।
- निबेदकले अनुसूची-३ बमोजिमको कागजातहरु तोकिएको म्याद भित्र अनुसूची-२ बमोजिमका निबेदन साथ पेश गर्नुपर्ने छ ।

- प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने छ ।
- निबेदनहरु मध्येबाट योग्य अनुदानग्राहीको नाम सम्बन्धित वडा/पशु सेवा शाखाले अनुसूची-५ बमोजिमका मुल्याङ्कनछनोट गर्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- छनोट भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्मसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।
- सहभागी कृषक समुह/कृषि सहकारी वा निजी फर्मले ५०% लागत साझेदार गर्नु पर्नेछ ।

**<u>संचालन गर्न सकिने क्रियाकलापहरु</u> :**

- ह्याचिङ मसिन, ढुवानि तथा वितरण
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**<u>अनुदान रकम/प्रतिशत</u> :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

### (५) <u>कृतिम गभाधानको निम्ति नाईट्रोजन</u>

**<u>कार्य क्षेत्रः</u>** तिनाउ गाँउपालिका भित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- आवश्यक्ता अनुसार कृतिम गभाधानको निम्ति नाईट्रोजन तथा बिज खरीद गरीने छ र कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- नाईट्रोजन र बिज खरि तथा ढुवानि
- प्रचलित दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- शतप्रतिशत रकम गा.पा. ले ब्यहोर्ने छ ।

**(ग) पशुपंक्षि बजार प्रर्बधन कार्यक्रम**

**(१) डेरी सहकारीमा आबध कृषकलाई दुध उत्पादनमा आधारीत अनुदान प्रति लि.का दरले :**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका भित्रको अधिकतम कृषक आबद्ध भएको डेरी सहकारीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- डेरी सहकारीलाई उत्तरदाही बनाई दध उत्पादक कृषकको दुध उत्पादन परिणमको आधारमा प्रति लि. का दरमा रकम अनुदान दिने ।
- डेरी सहकारी संस्थासँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- अनुगमन गर्ने

**अनुदान रकम/प्रतिशत :**

- शतप्रतिशत रकम गा.पा. ले ब्यहोर्ने छ ।

### (२) पशुपंक्षि बिमाका लागि ५०% अनुदान

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका अन्तरगतको ६ वटै वडामा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- तिनाउँ गाउँपालिका नजिकैको कम्पनीहरुलाई सम्झैताबारे १५ दिने सुचना मर्फत जानकारी गराउनु पर्ने छ ।
- म्याद भित्र पर्न आउने १ वा २ कम्पनि सँग अनुसूची-४ बमोजिमका सम्झैता गरि सम्झैतामा कृषकले तिर्नु पर्ने २५% प्रमियम मध्यको ५०% कम्पनिले गाउँ पालिकासगँ मसिक रुपमा लिनु पर्ने छ ।
- अथवा कृषकले ०७७।०७८ आर्थिक बर्षमा बिमा गरेको प्रमाण पेश गरी २५% प्रमियम मध्यको ५०% गाउँ पालिकाले फिर्ता दिन सक्ने छ ।
- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्नुपर्ने छ ।
- गाउँ पालिका भित्रको सम्पूर्ण कृषकलाई सुचना मार्फत यस कार्यक्रम बारे जानकारी दिनुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत :**

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

**(घ) पशु सेवा शाखा संचालन**

**कार्यक्रम सञ्चालन प्रक्रियाः**

- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्नुपर्ने छ ।
- आवश्यक्ता अनुसार पशु सेवा शाखाका कर्मचारीले स्वीकृत बजेटको परिधि भित्र रही शाखाको निम्तिसंचार खच गर्नुपर्ने छ ।
- आवश्यक्ता अनुसार कर्मचारीले स्वीकृत बजेटको परिधि भित्र रही पशु सेवा शाखाको कार्यक्रम भ्रमण खर्च उपभोग गर्नुपर्ने छ।
- आवश्यक्ता अनुसार पशु सेवा शाखाका कर्मचारीले स्वीकृत बजेटको परिधि भित्र रही शाखाको निम्तिईन्धन तथा मर्मत खर्च गर्नुपर्ने छ।
- आवश्यक्ता अनुसार पशु सेवा शाखाको निम्ति आवश्यक सामाग्रि प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ।

**(ङ) पशु रोग पहिचान तथा नियन्त्रण**

**(१) ५०% अनुदानमा औषधि खरिद तथा वितरण**

**कार्य क्षेत्रः** तिनाउ गाँउपालिका अन्तरगतको ६ वटै वडामा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ।
- कृषकले ५०% लागत साझेदार गर्नु पर्नेछ।

- फर्चोयट नभएको औषधि गाउँपालिकाको स्टोरलाई बुझाउनु पर्नेछ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- औषधि खरिध तथा ढुवानी
- उपलब्ध भएसम्म गाँउपालिको स्वीकृत दररेट भित्र रही सञ्चालन गर्नुपर्ने छ ।

**अनुदान रकम/प्रतिशत** :

- उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा सञ्चालन गरिनु पर्ने छ ।

**(२) खोप खरीद**

**कार्य क्षेत्र**: तिनाउ गाँउपालिका भित्रको आवश्यक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**कार्यक्रम सञ्चालन प्रक्रिया** :

- कार्यक्रम सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित खरीद ऐन नियमावली अनुसार सञ्चालन गर्नुपर्ने छ ।
- आवश्यक्ता अनुसार शाखाले भ्याक्सिनेटर भर्ना गर्न पाउने छ ।
- भ्याक्सिनेटरलाई प्रति खोपकादरले नियमानुसार पारिश्रमिकदिनु पर्ने छ ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

- खोप, कुल बक्स खरिद, भ्याक्सिनेटरको पारिश्रमिक र अनुगमन ।

**अनुदान रकम/प्रतिशत** :

- शतप्रतिशत रकम गा.पा. ले ब्यर्होने छ ।

**(च) जनचेतना तथा तालिम**

**(१) पशुपालन सम्बधी तालिम (माग अनुसारको)**

**कार्य क्षेत्र:** तिनाउ गाँउपालिका भित्र कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**कार्यक्रम सञ्चालन प्रक्रिया :**

- व्यवसायक पशुपालक कृषकहरुको अवश्यकता तथा मागको आधारमा आधारमा बिषय छनोट गरी तालीम निम्ति वडा वाट कृषकहरु नाम सिफारीस हुने छ।
- वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने छ।
- तालिम कार्यक्रममा कृषक सहभागिता २५ भन्दा बढी हुने छैन्।
- तालिम कार्यक्रम सैद्धान्तिक तथा प्रयोगातमक वा दुबै हुन सक्नेछ,

**अनुदान रकम/प्रतिशत :**

- शतप्रतिशत रकम गा.पा. ले ब्यर्होने छ।

## परिच्छेद–३
## कार्यक्रम संचालन प्रक्रिया

६. **समुह वा ठाउँको छनौट :–** कार्यक्रम संचालनको लागी कृषक समुह वा ठाउँको छनौट सम्बन्धीत वडा कार्यलयले वा वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार गर्नु पर्नेछ।

७. **माग संकलनः–** कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्रीको माग संकलन प्रविधिकको सहयोगमा कृषकहरु स्वयं गर्नुपर्नेछ।

८. **जनसहभागिता रकम :-** छनौट भएका समुह, सहकारी वा कृषकहरुले सम्वन्धित कार्यक्रमको लागी गा.पा.ले माग गरेको कोटेशन स्वीकृत पश्चात ५०% रकम तिनाउ गाँउपालिकाको खातामा जम्मा गर्नुपर्नेछ।

९. **सामाग्री खरीद प्रकियाः-** सम्पूर्ण खरीदकार्य प्रचलित खरीद ऐन, नियमावलीको अधिनमा रहि गर्नु पर्नेछ ।

१०. **कार्य सम्पन्न सिफारिसः-** कार्य सम्पन्नको सिफारिस सम्वन्धित वडाले गर्नु पर्नेछ ।

११. **भुक्तानी प्रक्रिया :-** कार्यालय मार्फत सामाग्री खरीद भई आएको पसल/फर्म/कम्पनीको नाम बैंकिङ प्रणालीद्वारा (५०% गा.पा. तथा ५०% जनसहभागिता रकम एकमुष्ठ) भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद–४

### १२. कार्यक्रम व्यवस्थापन समिति :–

(१) समिति भित्र रहेको कर्मचारीको सरुवा नभएसम्म अथवा तिनाउ गा.पा. सगँ आवध भएसम्म पशु सेवा शाखाबाट हुनेसम्पूर्ण कार्यकम कार्यन्वयन तथा व्यवस्थापन गर्न जिम्मेवार रहने छन् ।

(२) यस आर्थिक वर्ष ०७७।०७८ को पशु सेवा शाखाबाट हुने कुनैपनि कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत :– संयोजक
(ख) अर्थिक प्रशासन शाखा प्रमुख :– सदस्य
(ग) योजना शाखा प्रमुख :– सदस्य
(घ) खरिद इकाई संयोजक :– सदस्य
(ङ) स्टोर शाखा प्रमुख :– सदस्य
(च) कार्यक्रम संचालन गर्ने विषयगत शाखाको प्रविधिक (१) जनाः– सदस्य
(छ) कार्यक्रम संचालन गर्ने विषयगत शाख प्रमुखः– सदस्य सचिव

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यक्रम संचालनको लागि पशु सेवा शाखा तथा स्टोरलाई जिम्मेवारी तोक्ने,

(ख) कार्यक्रम अनुगमन गर्ने र प्रभावकारी कार्यन्वयनका लागी सरोकारवालालाई राय सुझाव दिने,

## परिच्छेद–५

## विविध

**१३. बाधा अड्चन, निरुपण र संसोधन :**

(१) यस कार्यविधि कार्यन्वयनमा बाधा, अड्चन वा विवाद भउमा सो को निरुपण गाँउपालिकाले गर्नेछ ।

(२) यो कार्यविधि आवश्यक संशोधन गर्नु परेमा गाँउपालिकाले गर्न सक्नेछ ।

**अनुसूची-१**

**सूचनाको ढाचाँ**

तिनाउ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय

**पशु सेवा शाखा**

झुम्सा, पाल्पा

मिति : २०७...।....।....

यस गाउँपालिका पशु सेवा शाखाको आ.वा. २०७.......।......... को स्वीकृत वाषिक कार्यक्रम .................................................... अनुसार पशु विकास कार्यक्रम कार्यविधि, २०७७ बमोजिम निशुल्क/५०% लागत साझेदारीमा कार्य गर्न ईच्छुक कृषक/ व्यबसायिक फार्म/ कम्पनी/व्यत्ति/कृषक समुहले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म पशु सवा शाख/वडा कार्यलय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथौ रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**अनुसूची-२**
**निवेदनको ढाचाँ**

श्रीमान कार्यलय प्रमुख ज्यु
...............................

**विषय : कार्ययोजना पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त बिषयमा त्यस कार्यलयको मिति २०७...।....।... गतेका दिन तिनाउँ गाउँपालिकामा प्रकाशित सूचना अनुसार म/हामी ........... .............. निवेदकले ..................कार्यक्रम सहभागि हुन इचछुक भई अनुसूची-३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको नामः
फर्म/समुहको छापः
ठेगानाः
मितिः
सर्म्पक नं.:

## अनुसूची-३
## संलगन हुनुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि

२. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन

३. प्रचलित कानून बमोजिमको दर्ता भएको प्रमाण पत्र( फार्म/समुहको हकमा)

४. जग्गाको लाल पुर्जा / लिजमा लिएको भए सम्झौता पत्र ( कार्यक्रमको माग अनुसार)

५. प्रस्तावकले ५०% लगानि गर्ने सम्झौँता ( ५० % अनुदान कार्यक्रमको हकमा)

६. शैक्षिक योग्यता,तालिम, अनुभव तथा बैदेशिक रोजगारबाट फर्केको प्रमाणित प्रतिलिपि (कार्यक्रमको माग अनुसार)

(**नोटः** आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।)

## अनुसूची-४
## सम्झौता पत्रको ढाचाँ

आर्थिक वर्ष......../......मा सञ्चालन हुने.....................पशु सेवा शाखाको स्वीकृत बार्षिक कार्यक्रमको अर्न्तगतको....................... कार्यक्रमको लागि प्रथम पक्ष भनिने तिनाउँ गाउँपालिका र दोस्रो पक्ष भनिने ........................ छनोट भएका कृषक/कृषक समुह/कम्पनी/फार्म/सहकारी बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

**शर्तनामा:**

१. प्रथम पक्षेले लागत साझदारमा......कार्यक्रमको लागि कूल लागत रु...........मध्ये अनुदान वापत रु.............
दोस्रो पक्षलाई रु..............(अक्षरुपी रुपैंयाँ..........................) अनुदान/सामाग्री सहयोग प्रदान गर्ने छ।
२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरि मिति ...........भित्र गाउँ पालिकामा बुझाउने छ।
३. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ।
४. कार्यक्रम सम्पन्न भए पश्यातका सबै मर्मत, सम्भात, व्यवस्थापन, जोखिमको तथा सबै प्रकारको दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
५. कार्यक्रमको सञ्चालन दौरान कुनै हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनुपर्ने छ।
६. सम्झौता उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ।

| | | |
|---|---|---|
| प्रथम पक्षको छाप | दोस्रो पक्षको छाप | रोहोवरको नाम |
| नाम | नाम | नाम |
| पद | पद | पद |

इति सम्वत्.........साल........महिना................गतेरोज.....शुभम् ।

(**नोटः** सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।)

# अनुसूची-५
## प्रस्तावक मुल्याङ्कनका आधारहरु

१. आबेधक/संस्था/समुह/फार्म/सहकारीको नाम:
२. कार्यक्रम सञ्चालन स्थलको ठेगाना:
३. कार्यक्रमको नाम:
**४. मुल्याङ्कनका आधारहरु:**

**४.१ हजार दिनको आमालाई लक्षित कार्यक्रम:**

| क्र. सं. | विवरण | भार | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | गरिव आमाहरु | ४ | | |
| १.१ | १० भन्दा कम पारिवारिक आम्दानि | ४ | | |
| १.२ | २० भन्दा कम पारिवारिक आम्दानि | ३ | | |
| १.३ | ३० भन्दा कम पारिवारिक आम्दानि | १ | | |
| २. | एकल महिला | ४ | | |
| ३. | दलित तथा बिपन्न बर्ग | २ | | |
| ४. | जुम्लिहा बच्चा | ३ | | |
| ५. | भिगामारा, झ्याङला, मराम्कोट, लगाड, सुकेताल, जन्तीलुङ | २ | | |

**४.२ व्यवसाय लक्षित कार्यक्रम:**

| क्र. सं. | विवरण | भार | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वन स्थलको भौतिक पूवाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुलि सुविधा भएका | २ | | |
| १.३ | पानी सुविधा भएका | २ | | |

| | | | | |
|---|---|---|---|---|
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजि फर्म/संस्थाको नाम भएको | ४ | | |
| १.४.२ | निजि जग्गा भाडामा लिएका | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | **व्यवसाय सम्बन्धी अनुभव** | ५ | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम** | **५** | | |
| ३.१ | ३ दिन अवधि सम्मको तालिम | २ | | |
| ३.२ | ३-७ दिन अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७-१५ दिन अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५ भन्दा धेरै दिन अवधि सम्मको तालिम | ५ | | |
| **४** | **रोजगारीको अवस्था** | **५** | | |
| ४.१ | १ जना स्म्मले | १ | | |
| ४.२ | २ जना स्म्मले | २ | | |
| ४.३ | २ भन्दा धेरै जना स्म्मले | ५ | | |
| **५** | **उत्पादि वस्तुको बजार योजना** | **१५** | | |
| ५.१ | आफनै पहलमा उत्पादिक वस्तुकोहरुको बजारीकरण सुनिस्चित्ता | १५ | | |
| ५.२ | समुह/सहकारी/संस्थागत तरिकाले उत्पादिक वस्तुको बजारीकरण | १३ | | |
| ५.३ | बजारीकरण योजना स्पष्ट नभएको | ११ | | |

(नोटः आवश्यकता मुताविकको अन्य सान्दर्भिक थप गर्न सकिनेछ ।)

प्रमाणीकरण मिति : २०७७/०७/२७

ओम बहादुर घर्तिमगर
गाउँपालिका अध्यक्ष